स्थानीय सरकार
हुप्सेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झ्यालबास, नवलपरासी (ब.सु.पूर्व)
गण्डकी प्रदेश, नेपाल
स्था: २०७३
☎ : ०७८-५९०७०२
M3R6+6X5, Jhyalbas

प.सं. : २०८२/०८३
च.नं. :

## वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सम्वन्धी सूचना।

(प्रकाशित मितिः २०८३/०२/०१ गते)

आर्थिक वर्ष २०८२/०८३ मा स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको ज्ञान, सीप, पूँजी, प्रविधि तथा अनुभवलाई स्वदेशमै उपयोग गरी "आन्तरिक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूलाई उद्यमशीलता प्रवर्द्धन कार्यक्रममा" सहभागी हुन इच्छुक यस गाउँपालिकामा बसोबास गर्ने स्थायी बासिन्दाहरूले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र तपसिलको कागजात सहित गाउँ कार्यपालिकाको कार्यालयमा रोजगार सेवा केन्द्र वा सम्बन्धित वडा कार्यालय मार्फत आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रम अवधि | लक्षित व्यक्ति/समूह | आवश्यक संख्या |
|---|---|---|---|---|
| १ | वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूलाई उद्यमशीलता प्रवर्द्धन कार्यक्रम | ५ दिन | वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा नै उद्यम तथा व्यवसाय गर्न चाहने व्यक्तिहरु | ३० जना |

तपसिलः

१. तोकिएको ढाँचामा भरिएको निवेदन,

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र राहदानी (Passport) को प्रतिलिपि १/१ प्रति,

४. वैदेशिक रोजगारीबाट फर्केको खुल्ने प्रमाण (श्रम स्वीकृति, भिसा वा करार सम्झौताको प्रतिलिपि) १ प्रति।

थप जानकारीको लागि सम्पर्कः ९८६४७२०६५९, ९८६७१६३०१०

वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
हुप्सेकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय झ्यालबास।

विषयः तालिममा सहभागी हुन पाऊँ भन्ने सम्बन्धमा ।

उपरोक्त विषयमा हुप्सेकोट गाउँपालिकाको मिति २०८३/०२/०१ मा प्रकाशित सूचना अनुसार वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूका लागि सञ्चालन गरिने उद्यमशीलता प्रवर्द्धन कार्यक्रममा म पनि सहभागी हुन इच्छुक रहेकोले यो निवेदन पेश गरेको छु ।

मेरो व्यक्तिगत विवरणः

१) नाम/थरः.

लिङ्गः

२) स्थायी ठेगानाः ..........................................

बडा नं.........., गाउँ/टोलः.........................

३) नागरिकता नं.:

जारी मितिः ......................................

४। शैक्षिक योग्यताः

५) राहदानी (Passport) नं.:.

६) वैदेशिक रोजगारीमा गएको देशः

७) विदेशमा गरेको कामको (सीप) प्रकारः

८) स्वदेश फर्किएको मितिः

९) सम्पर्क मोबाइल नं.:

१०) इमेल (भएमा):,

१२) यस उद्यमशीलता प्रवर्द्धन कार्यक्रमबाट के अपेक्षा गर्नुहुन्छ?..........................

११) हाल स्वदेशमा गर्दै गरेको पेशा वा व्यवसाय (भएमा)..................................................

माथि उल्लेखित विवरणहरू सत्य साँचो हुन्, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला। तालिममा रहँदासम्म पूर्ण अनुशासन र तालिमको आचारसहिंता पालना गरी तालिममा सहभागी हुनेछु ।

निवेदक

हस्ताक्षरः

नामः

संलग्न कागजातहरूः

१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति

२) राहदानी (Passport) को प्रतिलिपि १ प्रति

३। वैदेशिक रोजगारीबाट फर्केको खुल्ने प्रमाण (श्रम स्वीकृति/भिसा/करार सम्झौता) - १ प्रति